# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१० गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी बुद्धिसागर थापासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादी बुद्धिसागर थापा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुरमा रु.११,२७,४४०।– बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरे बमोजिम ऐ. को दफा ३ (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी ऐ.ऐनको दफा १७ अनुसार बिगो असुल उपर हुन,

**प्रतिवादी टिका प्रसाद दुलाल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १७ अनुसार रु.६,१०,०००।—बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ऐ. दफा १७ ले निर्दिष्ट गरे बमोजिम ऐ. को दफा ३ (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी ऐ.ऐनको दफा १७ अनुसार बिगो असुल उपर हुन,

**प्रतिवादीहरू नवराज खत्री र प्रल्हाद खड्का**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ऐ. ऐनको दफा १७ ले निर्दिष्ट गरे बमोजिम ऐ.ऐनको दफा ३ (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी हिनामिना भएको रु.१४,८१,०००।— ऐ. ऐनको दफा १७ अनुसार असुल उपर हुन,

**प्रतिवादीहरू अर्जुन बहादुर थापा र उमेश कुमार भण्डारी**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रू.३०,२२,१००।— कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (४) अनुसार सजाय गरी हानी नोक्सानी भएको बिगो समेत जफत हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/०९/१८ को फैसलाबाट निम्न आधारमा सफाई दिएकोः-

- ठेकदार पक्षलाई कुनै रकम भुक्तानी नभएको, कपन स्वास्थ्य चौकी भवन बन्ने स्थल ठेक्का अवधी भित्र हस्तान्तरण भएको बादीबाट आउन नसकेको।
- प्रतिवादीहरूले मौकामा अनुसन्धानको क्रममा र अदालतमा उपस्थित भई बयान गर्दा कसूर गरेकोमा इन्कार गरी बयान गरेको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१० मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) निर्माण व्यवसायी सोवर्ण/ब्रम्हायणी जे.भी.ले बैंक जमानत कारोवार गर्दा कुनै सुरक्षण राखी कारोवार भएको रेकर्डबाट नदेखिएको तथा रू ८,७१,०००।—को परफरमेन्स बण्ड जारी गर्दा १००% मार्जिन खाता समेत नखोलेको भनी तत्कालिन प्रबन्धक प्रल्हाद के.सी.को बयान व्यहोराबाट देखिएको। निर्माण व्यबसायीले पेश गरेको जमानतको सम्बन्धमा बिबाद हुँदा हुँदै पनि मिति २०७१/०६/३० गते कार्यालय र निर्माण व्यवसायी दुबैको तर्फबाट साक्षी समेत नराखी तत्कालिन डिभिजन प्रमुख प्रतिबादी बुद्धिसागर थापाले सोवर्ण/ब्रम्हायणी जे.भी. का उमेश कुमार भण्डारीसँग सम्झौता गरेको देखिएको। ठेक्का सम्झौता भएको एक हप्ता भित्र साईट उपलब्ध गराईसक्नु पर्नेमा मिति २०७१/०७/२८ मा मात्र कार्यदेश दिएको र उक्त कायदिशमा ७ दिनभित्र साईट बुझिलिई सम्झौता अनुसार Insurance work schedule स्पेसीफिकेसन अनुसारको Quality Assurance Plan पेश गर्न भनिएको भएतापनि निर्माण व्यवसायीले २०७१/०९/१४ मा मात्र कार्यदेश बुझी बुझेको १५ दिनभित्र निर्माण कार्य शुरू गर्ने जानकारी दिई निर्माण कार्यमा ढिलाई गरेको पुष्टि भएको।

ख) निर्माण व्यवसायी सम्पर्कमा नभएपछी डिभिजन कार्यालय काठमाण्डौले मिति २०७१\१२\०९ च.नं. ७७३ को पत्रबाट पुनःनिर्माण कार्य सुचारू नगर्नका कारण सहित उल्लेखित म्याद भित्र सम्पन्न गर्ने गरी कार्यतालिका सहित ७ दिन भित्र कार्यालयमा उपस्थित हुन निर्माण ब्यवसायीलाई पत्र लेखिएकोमा निर्माण व्यवसायीले उक्त पत्रलाई अनदेखा गरी बसेको देखिएको। कपन स्वास्थ्य चौकी निर्माणका लागि खटिएका इन्जिनियर महेश चित्रकार र सब ईन्जिनियर अशोक कुमार रामले निर्माण व्यावसायीले मिति २०७२/०१/२६ गते सम्म साइटको माटो कटिङ्ग केही मात्रामा गरेको र पुनः निर्माण व्यवसायीले कार्य बन्द गरी सम्पर्क बिहिन रहेको तथा बाराम्बार सम्पर्क गर्दा सम्पर्कमा नभएको भन्ने समेत ब्यहोराको डिभिजन प्रमुख समक्ष प्रतिबेदन पेश गरेको। साईट प्रतिबेदनको आधारमा डिभिजन कार्यालय काठमाण्डौले निर्माण कार्य सुचारू गर्न कुनै चासो नदेखाएको भनी पत्रिकामा १५ दिन भित्र ढिलो हुनुको कारण र कार्यतालिका सहित उपस्थित हुन सूचना प्रकाशन गरेको देखिएको। ततपश्चात मात्र निर्माण व्यवसायीले जग्गा बिबादको कारण निर्माण कार्य हुन नसकेको जानकारी दिएपनि के कारणले उक्त जग्गा बिबाद भएको हो भन्ने तर्फ सरोकारबाला संग कुनै छलफल नै नगरी कपन स्वास्थ्य चौकीलाई जग्गा बिवाद सुल्झाउन पत्र लेखेको देखिएको। यसरी उल्लेखित बिबेचित आधारबाट ठेकदारको लापरवाहीको कारण निर्माण कार्य सम्पन्न हुन नसकेको भन्ने पुष्टि भएको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) अनुसार निर्माण व्यवसायीको लापारवाही तथा ढिलाईको कारण खरिद सम्झौता बमोजिमको म्यादमा निर्माण सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्थालाई अनदेखा गरी ठेकदार पक्षलाई कुनै रकम भुक्तानी नभएको कपन स्वास्थ्य चौकी भवन बन्ने स्थल ठेक्का अवधीभित्र हस्तान्तरण भएको बादीबाट आउन नसकेको भनी जग्गा विवादको कारण निर्माण सम्पन्न हुन नसकेको भन्ने आधार लिई गरेको फैसला त्रुटिपूर्ण रहेको।

ग) महालेखा परीक्षकको प्रतिबेदनमा समेत निर्माण सम्बन्धी कामलाई सुचारू गर्नको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र १२१ अनुसार प्रकृया अगाडि बढाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने अन्यथा कार्यालयबाट निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ को देहाय २(क) तथा नियमावली १२८(२)(घ)अनुसारको कारवाही अगाडि बढाउनु पर्ने भनी उल्लेख गरेको सुझावहरुको अनदेखा गरी उक्त प्रक्रिया गर्न तर्फ प्रतिबादी मध्येका बुद्धीसागर थापा समेतले प्रयाससम्म नगरेको। कपन स्वास्थ्य चौकी भवनको निर्माण कार्यको शुरूवात नै नभएको अवस्थामा समेत प्रतिबेदनमा भौतिक प्रगती ५% भएको भनी उल्लेख गरेको। प्रतिवादीहरूको मिलिमतोबाट स्वास्थ्यचौकी भवनको निर्माण कार्य हुन नसकी आयोजना नै रद्द गर्नुपर्ने परिस्थिति सृजना गरेको देखिदा देखिदै निर्माण स्थल ठेक्का अष्पष्टताको बिच उक्त निर्माण कार्य रद्द गर्ने गरी नेपाल सरकार (मन्त्रीस्तर) बाट २०७५/११/१० मा निर्णय भएको भन्ने आधार लिई उक्त अवधिमा भएको खर्च रकमलाई र कानून बमोजिम पाउनु पर्ने रकम असुल उपर नगरेको कार्यलाई अनदेखा गरी प्रतिबादीहरूलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | बुद्धिसागर थापा, टिका प्रसाद दुलाल, नवराज खत्री, प्रल्हाद खड्का, अर्जुन बहादुर थापा र उमेश कुमार भण्डारी (विशेष अदालतको मुद्दा नं. ०७६-CR-००६२ र फैसला मिति २०८०/०९/१८ | सार्वजनिक भवन निर्माणको ठेक्का रूग्ण बनाई भष्ट्राचार गरेको | प्रतिबादी बुद्धिसागर थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुरमा रु.११,२७,४४०।–(अक्षरेपी एघार लाख सत्ताइस हजार चार शय चालिस रुपैयाँ मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरे वमोजिम ऐ. को दफा ३ (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी हिनामिना भएको रु.११,२७,४४०।– ऐ. को दफा १७ अनुसार निज प्रतिवादी बुद्धि सागर थापाबाट असुल उपर हुन मागदाबी लिइएको छ । प्रतिबादी टिका प्रसाद दुलाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १७ अनुसार रु.६,१०,०००।— (छ लाख दश हजार रुपैयाँ मात्र) बराबर बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ऐ. दफा १७ ले निर्दिष्ट गरे वमोजिम ऐ. को दफा ३ (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी हिनामिना भएको रु. ६,१०,०००।— ऐ. को दफा १७ अनुसार निज प्रतिबादी टिकाप्रसाद दुलालबाट असुल उपर हुन मागदाबी | **फैसलाः**<br>प्रतिवादीहरू बुद्धिसागर थापा, टिका प्रसाद दुलाल, नवराज खत्री, प्रल्हाद खड्का, अर्जुन बहादुर थापा र उमेश कुमार भण्डारीले आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) ठेकदार पक्षलाई कुनै रकम भुक्तानी नभएको कपन स्वास्थ्य चौकी भवन बन्ने स्थल ठेक्का अवधी भित्र हस्तान्तरण भएको बादीबाट आउन नसकेको ।<br>ख) प्रतिबादीहरूले मौकामा अनुसन्धानको क्रममा र अदालतमा उपस्थित भई बयान गर्दा कसूर गरेकोमा ईन्कार गरी बयान गरेको। | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ**<br>घ) प्रस्तुत मद्दामा सहरी बिकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय काठमाण्डौले कपन स्वास्थ्य चौकी भवनको निर्माण कार्यको लागी सोवर्ण\ब्रम्हायणी जे.भी. को बोलपत्र न्यूनतम मुल्याङकन सारभुत रूपमा प्रभावग्राही र लागत अनुमानभन्दा २९.२२% ले घटी समेत देखिएकोले स्वीकृतिको लागी सिफारिस गरेको देखिएको। तर राष्ट्रिय बाणिज्य बैंकको लि. को शाखा कार्यालय चरिकोटको मिति २०७६/०२/१९ च.नं. ९२६ बाट सोवर्ण\ब्रम्हायणिको जे.भि. ले पेश गरको बिड बण्ड आधिकारीक नभएको भन्ने समेत व्यहोराको पत्र प्राप्त भएको देखिदा मुल्याङ्कनको समयमै सोवर्ण\ब्रम्हायणिको जे.भि.को बिड बण्डको आधिकारीकता पहिचाहन हुन नसक्दा ठेक्का प्रकृयामा सहभागी टक्सार बस्नेत जे.भी. ले पेश गरेको न्यूनतम मुल्यांकन सारभुत रूपमा प्रभावग्राही र लागत अनुमान भन्दा २७.६८% ले घटी भई नीजलाई नै स्वीकृत गर्नुपर्ने देखिन्छ ।निर्माण व्यवसायी सोवर्ण\ब्रम्हायणी जे.भी. ले बैकसंग बिड बण्डको कारोवार गर्दा कुनै सुरक्षण नराखेको तथा रू ६,१०,०००।— को १००% मार्जिन खाता समेत खोलेको देखिदैन । प्रतिबादी मध्येका राष्ट्रिय बाणिज्य बैंक चरिकोटका तत्कालिन प्रबन्धक टिका प्रसाद दुलाल र सहायक प्रबन्धक नवराज खर्त्रि र प्रल्हाद खडकालाई यस्तै प्रकारका अनियमितता तवरले कर्जा लगानी गरेको भनी बैंकको सेवाबाट बर्खास्त भईसकेको भन्ने बाणिज्य बैंकको मिति २०७६/०२/१३ क च.नं. ५४५५ को पत्रबाट देखिन्छ ।यसरी प्रथम दृष्टिबाट नै प्रतिबादीहरूको मिलोमतोमा ठेक्का प्रकृयामा नै बिडबण्ड कारोवार सुरक्षणको लागी केही नराखेको अवस्थामा समेत यी प्रतिबादीले उक्त ठेक्का स्वीकृत गरेको देखिदा प्रतिबादीहरूको मिलोमतो बदनियत पुष्टि भईरहेको अवस्था रहेको।<br>ङ) निर्माण व्यवसायी सोवर्ण\ब्रम्हायणी जे.भी.बैंक जमानत कारोवार गर्दा कुनै सुरक्षण राखी कारोवार भएको रेकर्डबाट नदेखिएको तथा रू ८,७१,०००।—को परफरमेन्स बण्ड जारी गर्दा १००% मार्जिन खाता समेत नखोलेको भनी तत्कालिन प्रबन्धक श्री प्रल्हाद के.सी.को बयान व्यहोराबाट देखिन्छ ।निर्माण व्यबसायीले पेश गरेको जमानीको सम्बन्धमा बिबाद हुँदा हुँदै पनि मिति २०७१\०६\३० गते कार्यालय र निर्माण व्यवसायी दुबैको तर्फबाट साक्षी समेत नराखी तत्कालिन डिभिजन प्रमुख प्रतिबादी बुद्धिसागर थापाले सोवर्ण\ब्रम्हायणी जे.भी. को उमेश कुमार भण्डारीसंग सम्झौता भएको देखिन्छ ।ठेक्का |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिइएको छ।प्रतिबादीहरू नवराज खर्त्रि र प्रल्हाद खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ऐ. ऐनको दफा १७ ले निर्दिष्ट गरे वमोजिम ऐ. को दफा ३ (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी हिनामिना भएको रु.१४,८१,०००।— ऐ. ऐनको दफा १७ अनुसार असुल उपर हुन मागदाबी लिइएको छ ।यस्तै प्रतिबादीहरू अर्जुन वहादुर थापा र उमेश कुमार भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुरमा ऐ. ऐनको दफा ८ को उपदफा (४) अनुसार सजाय गरी हानी नोक्सानी भएको बिगो रू३०,२२,१०० कायम गरी बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन | | सम्झौता भएको एक हप्ता भित्र साईट उपलब्ध गराईसक्नु पर्नेमा मिति २०७१/०७/२८ मा मात्र कार्यदेश दिएको र उक्त कार्यदिशमा ७ दिनभित्र साईट बुझिलिई सम्झौता अनुसार Insurance work schedule स्पेसीफिकेसन अनुसारको Quality Assurance plan पेश गर्न भनिएको भएतापनि निर्माण व्यवसायीले २०७१/०९/१४ मा मात्र बुझी बुझेको १५ दिनभित्र निर्माण कार्य शुरू गर्ने जानकारी दिई निर्माण कार्यमा ढिलाई गरेको भन्ने पुष्टि हुन आएको।<br>च) सम्झौतामा उल्लेख भएबमोजिम ७ दिन भित्र निर्माण व्यवसायीले केही पेश गरेको देखिदैन र व्यवस्थापकले समेत कहिल्यै सोधखोज गरेको देखिएन जुन निर्माण कार्य शुरू गर्नु पूर्वको अपरिहार्य शर्त हो ।निर्माण कार्यको शुनिश्चितता नभएसम्म Advance payment नलिएको हो भनी प्रतिबादी उमेश कुमार भण्डारीले बयान गरेपनि परफरमेन्स बण्ड नक्कली भएको हुँदा उक्त पेश्की नलिएको भन्ने स्पष्ट खुल्न आउछ ।पेश्की पनि नलिई निर्माणकार्यको माग बमोजिमको बिमा समेत नगरी करिव ३.५ महिनासम्म कार्यालयको सम्पर्कमा नरहेको देखिन्छ ।मिति २०७१/१०/१२ मा मात्र डिभिजन कार्यालय प्रमुख बुद्धिसागर थापा निर्माण व्यवसायी उमेश कुमार भण्डारी तथा हे.पो.ईन्चार्ज कामदेव आचार्यको बैठक बसी भवन निर्माणको लागी नापजाँजको लागी नापी कार्यालय चावहिलमा पठाउने निर्णय गरेको देखिन्छ ।उक्त बैठकमा जग्गाको बिबादको कुनै कुरा उल्लेख भएको देखिदैन ।मिति २०७२\०१\१० गते कपन स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष श्री श्याम अधिकारीको अध्यक्षतामा कपन स्वास्थ्य चौकीको जग्गाको ४ किल्ला नापजाँच र किल्ला छुट्टा गर्ने निर्णय भएअनुसार सोही अनुसार जग्गाको अन्तिम जग्गाको सिमाङकन भएको देखिन्छ ।निर्माण व्यवसायीले एक चोटी डोजर प्रयोग गरेको र सामान्य रूपमा बिवाद भएको भन्ने सम्म देखिन्छ तर अनन्तकालसमम जग्गा बिबादको रूपमा चित्रण गर्दै कपन स्वास्थ्य चौकीलाई पत्र सम्म लेख्ने काम भएपनि डिभिजन कार्यालय काठमाण्डौ र निर्माण व्यवसायी ले कुनै सक्रिय प्रयास समेत गरेको देखिदैन । उक्त बिबाद पछि निर्माण व्यवसायी कार्यालयको सम्पर्कमा रहेको समेत नदेखिदा सो कार्यबाट कार्यालयलाई नोक्शानी भएको छ ।<br>छ) निर्माण व्यवसायी सम्पर्कमा नभएपछी डिभिजन कार्यालय काठमाण्डौले मिति २०७१\१२\०९ च.नं. ७७३ को पत्रबाट पूनःनिर्माण कार्य सुचारू नगर्नका कारण सहित उल्लेखित म्याद भित्र सम्पन्न गर्ने गरी कार्यतालिका सहित ७ दिन भित्र कार्यालयमा उपस्थित हुन निर्माण व्यवसायीलाई पत्र लेखिएकोमा निर्माण व्यवसायीले उक्त पत्रलाई अनदेखा गरी बसेको देखिन्छ ।कपन स्वास्थ्य चौकी निर्माणका लागी खटिएको इन्जिनियर महेश चित्रकार र सब ईन्जिनियर अशोक कुमार रामले निर्माण व्यावसायीले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मिति २०७२\०१\२६ गते सम्म साइटको माटो कटिङ्ग केही मात्रामा गरेको र पूनः निर्माण व्यवसायीले कार्य बन्द गरी सम्पर्क बिहिन रहेको तथा बारम्बार सम्पर्क गर्न कोशिश गर्दा सम्पर्कमा नभएको भन्ने समेत ब्यहोराको डिभिजन प्रमुख समक्ष प्रतिबेदन पेश गरेको देखिन्छ ।साईट प्रतिबेदनको आधारमा डिभिजन कार्यालय काठमाण्डौले मिति २०७२\०३\१५ गते निर्माण कार्य सुचारू गर्न कुनै चासो नदेखाएको भनी पत्रिकामा १५ दिन भित्र ढिलो हुनुको कारण र कार्यतालिका सहित उपस्थित हुन सुचना प्रकाशन गरेको देखिन्छ ।ततपश्चात मात्र निर्माण व्यवसायी जग्गा बिबादको कारण निर्माण कार्य हुन नसकेको जानकारी दिएपनि उक्त के कारणले उक्त जग्गा बिबाद भएको हो भन्ने तर्फ सरोकारबाला संग कुनै छलफल नै नगरी कपन स्वास्थ्य चौकीलाई जग्गा बिवाद सुल्झाउन पत्र लेखेको देखिन्छ । यसरी उल्लेखित बिबेचित आधारबाट ठेकदारको लापरवाहीको कारण निर्माण कार्य सम्पन्न हुन नसकेको भन्ने पुष्टि भएको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) अनुसार निर्माण व्यवसायीको लापारवाही तथा ढिलाईको कारण खरिद सम्झौता बमोजिमको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशत सम्म पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्थालाई अनदेखा गरी ठेकदार पक्षलाई कुनै रकम भुक्तानी नभएको कपन स्वास्थ्य चौकी भवन बन्ने स्थल ठेक्का अवधीभित्र हस्तान्तरण भएको बादीबाट आउन नसकेको भनी जग्गा विवादको कारण निर्माण सम्पन्न हुन नसकेको भन्ने आधार लिई गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>ज) महालेखा परिक्षकको प्रतिबेदनमा समेत निर्माण सम्बन्धी कामलाई सुचारू गर्नको लागी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र १२१ अनुसार प्रकृया अगाडी बढाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने अन्यथा कार्यालयबाट निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ को देहाय २(क) तथा नियमावली १२८(२)(घ)अनुसारको कारवाही अगाडि बढाउनु पर्ने भनी उल्लेख गरेको सुझावहरुको अनदेखा गरी उक्त प्रक्रिया गर्न तर्फ प्रतिबादी मध्येका बुद्धीसागर थापा समेतले प्रयास सम्म गरेको देखिदैन ।कपन स्वास्थ्य चौकी भवनको निर्माण कार्यको शुरूवात नै नभएको अवस्थामा समेत प्रतिबेदनमा भौतिक प्रगती ५% भएको भनी उल्लेख गरेको तथा उक्त आयोजनाबाट कन्टिन्जेन्सीबाट इन्धनबील,कार्यालय मसलन्द ,बैठक भत्ता आदि शीर्षकबाट रू २,५६,४४०।— खर्च गरी हिनामिना गरेको देखिन्छ ।यसरी प्रतिबादीहरूको मिलिमतोबाट स्वास्थ्यचौकी भवनको निर्माण कार्य हुन नसकी आयोजना नै रद्द गर्नुपर्ने परिस्थिति सृजना गरेको देखिदा देखिदै निर्माण स्थल ठेक्का अष्पष्टताको बिच उक्त निर्माण कार्य रद्द गर्ने गरी नेपाल सरकार (मन्त्रीस्तर) बाट २०७५\११\१० मा निर्णय भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भन्ने आधार लिई उक्त अवधीमा भएको खर्च रकमलाई र कानून बमोजिम पाउनु पर्ने रकम असुल उपर नगरेको कार्यलाई अनदेखा गरी प्रतिबादीहरूलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>झ) प्रतिबादी मध्येका तत्कालिन डिभिजन प्रमुख बुद्धिसागर थापाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को प्रावधान बमोजिम निर्माण कार्य शुरू गर्न चाहिने बिमा नै निर्माण व्यवसायीबाट नगराएको ,मिति २०७२\०३\१५ गते सम्म निर्माण कार्य सुचारू गर्ने तर्फ कुनै चासो नदेखाएको, समयमै निर्माण व्यवसायीलाई कायदिश नदिएको, कार्यदेशमा उल्लेख गरेको Work schedule र स्पेसिफिकेशन अनुसारको Quality Assurance Plan पेश गर्न नलगाएको ,पत्रिकामा सूचना प्रकाशित गरी कालो सूचीमा राख्ने र परफरमेन्स बण्ड जफत गर्ने तर्फ कुनै चासो नदेखाईएको आदि कारणले नेपाल सरकारलाई हानी नोक्शानी गरेको देखिन्छ । अर्का प्रतिबादी टिका प्रसाद दुलालले निर्माण व्यवसायी सोवर्ण\ब्रम्हायणी जे.भी ले बैंकसँग बिड बण्ड कारोवार गर्दा बैंकमा कुनै सुरक्षण नराखेको तथा बिड बण्ड रू ६,१०,०००।— बराबरको १००%मार्जिन खाता समेत नखोलेको अवस्थामा निर्माण व्यवावसयीसँग मिलोमतो गरी बैंकको प्रचलित नियम कानूनको पालना नगरी बिड बण्ड जारी गरेको,प्रतिबादी नवराज खत्री र प्रल्हाद खड्काले समेत निर्माण व्यवसायी सोवर्ण\ब्रम्हायणी जे.भी. ले बैंकसंग बिड बण्ड कारोवार गर्दा बैंकमा कुनै सुरक्षण नराखेको तथा बिड बण्ड रू ६,१०,०००।— बराबरको १००% मार्जिन खाता नखोलेको तथा त्यसरी नै परफरमेन्स बण्डको कारोवार गर्दा समेत कुनै सुरक्षण नराखेको तथा परफरमेन्स बण्ड रू ८,७१,०००।— बराबरको १००% मार्जिन खाता समेत नखोलेको अवस्थामा निर्माण व्यवसायीसँग मिलोमतोमा बैंकको प्रचलित कानूनको पालना नगरी बिल बण्ड परफरमेन्स बण्ड जारी गरेको देखियो । साथै प्रतिबादी मध्येका निर्माण ब्यबसायी अर्जुन बहादुर थापाले बैंकका कर्मचारीको मिलोमतोमा नक्कली बैंक जमानतहरू प्राप्त गरेको ,नक्कली बैंक जमानतहरूको आधारमा ठेक्का प्राप्त गरी सम्झौता गरेको ,ढीलो कार्यदेश बुझेको, Insurance ,work schedule र स्पेसीफिकेशनअनुसार Quality Assurance plan नबुझाई निर्माण कार्य नै संचालन नगरेको र सम्झौताको शर्तहरू विपरित निर्माण सम्पन्न हुने मिति समाप्त भएपछि नयाँ कार्यदिश र पूर्ण अवधि म्याद थपेमा मात्र निर्माण कार्य गर्ने र यदि मूल्य बृद्धि नपाएमा निर्माण कार्य नगर्ने भन्ने गैर जिम्मेवारी गरी सम्झौताको बमोजिमका शर्तहरु उल्लंघन गरी प्रतिबादीहरूको एक आपससंग मिलोमतो गरी आफुलाई फाईदा र नेपाल सरकारलाई नोक्शानी हुने कार्य गरेको पुष्टि भएको देखिन्छ । प्रतिबादीहरूले अदालतमा उपस्थित भई बयान गर्दा कसूर गरेकोमा ईन्कार गरी बयान गरेपनि मिसिल संलग्न रहेको तथ्यगत बिषयमा स्वीकार गरेकै छन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ।यसरी मिसिल संलग्न कागज प्रमाणबाट प्रतिबादीहरूको लापरवाहीको कारण एक आपसमा मिलोमतो गरेको कारण समयमा नै स्वास्थचौकीको भवन निर्माण योजना अलपत्र परि उक्त योजनालाई रद्द गर्नु पर्ने परिस्थिति सृजना भएको र उक्त सृजित दायित्व अनुसार निर्माण व्यवसायीलाई जिम्मेवारी बनाउनु पर्नेमा सो नबनाई नेपाल सरकारलाई हानी नोक्शानी बनाएको हुँदा हुँदै केवल प्रतिबादीहरूको इन्कारी बयानलाई आधार लिई गरेको फैसला त्रुटिपूर्ण रहेको। |